# रूथ र एस्तर



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *रूथ १:१-५; रूथ २:५-२०; अय्यूब १:६-११; मत्ती ४:८, ९; एस्तर ३:१-१४; प्रकाश १२:१४-१७।*

**याद गर्नुपर्ने पद: "जब राजाले एस्तर रानीलाई आँगनमा उभिरहेकी देखे, तब राजाको निगाह तिनीमाथि भयो, र आफ्नो साथमा लिइराखेको सुनको राजदण्ड उनले तिनीतिर पसारे। तब अगि बढ़ेर एस्तरले राजदण्डको टुप्पालाई छोइन्"** *(एस्तर ५:२)*।

अन्तिम दिनमा हुने घटनाहरूका अग्र चित्रण यस अध्यायमा हेर्न निरन्तरता दिनेछौं। वास्तविक जीवनका कहानीहरू र मानिसहरूलाई प्रयोग गरेर परमेश्वरले ती सबै उहाँको दृष्टिकोणले कसरी हेर्नुभएको थियो सो उहाँले हामीलाई बुझाउन खोज्नुभएको हामी पाउँछौं। पछिको भविष्यवाणीलाई कसरी व्याख्या गर्ने भनेर त्यसले हामीलाई सहायता गर्छ। हाम्रो आस्थालाई बलियो बनाउन त्यसले मद्दत गर्दछ।

यस अध्यायमा हाम्रो ध्यान दुई उल्लेखनीय स्त्रीहरूका कथाहरूतिर लगाउनेछौं। तिनीहरूका मार्मिक कथाहरूले पुस्तौँ-पुस्तौँसम्मका मानिसहरूका हृदयमा छोएका थिए र छोइरहेका छन्: रूथ र एस्तर। रूथ विस्थापित विधवा थिइन्। उनले दयालु आफन्त बोअजलाई भेटेपछि उनमा आशा पल्हाउँछ। तिनीहरूका विवाह इसाई

जगत्मा लोकप्रिय प्रेम कथा भएको छ। हामीलाई येशूका प्रेम त्यस कथाले प्रतिबिम्बित गर्दछ। अर्कोचाहिँ एक भर्खरकी केटी जो विदेशमा बसोबास गरेकी थिइन्। उनका जनहरूलाई हत्या गर्ने षड्यन्त्र उनलाई थाहा भएको थियो। त्यस षड्यन्त्रलाई परास्त गर्न उनको भूमिका उल्लेखनीय थियो।

बाइबलमा र बाइबलको भविष्यवाणीको विवरणमा स्त्री परमेश्वरको चर्चको प्रभावकारी प्रतिक हो। परमेश्वरले उहाँका जनहरूलाई कुन दृष्टिकोणमा हेर्नुहुन्छ भनेर उहाँले यसबाट देखाउनुहुन्छ: स्त्रीलाई उहाँले कसरी हेर्नुहुन्छ त्यसरी उहाँका जनहरूलाई नै हेर्नुहुन्छ। बाइबलमा उल्लेख गरेका ती दुई स्त्रीहरूका विवरणको बारेमा हेरौं। तिनीहरूका जीवन कहानीहरू परमेश्वरका वचनमा अमर कहानीहरू भएका छन्। तिनीहरूका विविध परिस्थितिमा गरेका अनुभवहरूबाट हामीले धेरै पाठहरू सिक्न सक्छौं।

# "रोटीको घरमा" अनिकाल

इसाई आस्थामा आक्रमण गर्नेहरूले यस संसारमा भइरहेको क्रूरता, रक्तपात र आतङ्कको वास्तविकतालाई मध्यनजर गर्दा निम्न तिन कुरा भन्छन्: (अ) परमेश्वरको अस्तित्व छैन, वा (आ) जब समाजमा बर्बरताले राज गर्छ तब उहाँसँग केही गर्ने शक्ति छैन, वा (इ) जब हामीलाई दुःख-कष्ट हुन्छ तब उहाँले वास्ता गर्नुहुन्न। बाइबलमा धेरै कहानीहरू छन् जसले ती आरोपहरू गलत छन् भनेर प्रमाण गर्दछन्। वास्तविक रूपमा भन्ने हो भने मानिसहरू आफैले उहाँको विरुद्धमा रोपेका विद्रोही कामहरूका नतिजा तिनीहरूले भोग्न दिन परमेश्वरले अनुमति दिनुभएको छ। तर हाम्रो आत्मनिर्णयको स्वतन्त्रतालाई उल्लङ्घन नगरीकन परमेश्वरको उपस्थिति सधैँ छ र उहाँले मानव इतिहासद्वारा सधैँ काम गरिरहनुभएको छ। पाप र कष्टको समस्याहरूको आखिरी समाधानतिर उहाँले हामीलाई अग्रसर गराइरहनुभएको छ। त्यसको एउटा ज्वलन्त उदाहरण रूथको कहानी हो।

पढ्नुहोस्: **रूथ १:१-५ पढ्नुहोस्। नाओमी र रूथलले के कष्टहरू भोगेका थिए र ती कष्टहरू तिनीहरूले कसरी पाए? तिनीहरूको परिस्थितिले अहिले पनि सारा मानव जगत्ले सामना गरिरहेको कुरालाई प्रतिबिम्बित गर्दछ?**

कथाको सुरुवातमा लेखिएको वाक्यमा एक विडम्बना छ: बेथलेहेम अनिकालको चपेटामा परेको थियो। यो गाउँको नाउँको अर्थ हो "रोटीको घर।" अदनमा प्रशस्त खाना थियो भनेर हामीलाई याद दिलाएको छ। परमेश्वरले आदम र हव्वालाई भन्नुभएको थियो "बगैँचाको प्रत्येक रूखको फल तिमीहरूले स्वतन्त्र रूपमा खान सक्छौ" *(उत्पत्ति २:१६)*। त्यसको अर्थ अदनको बगैँचामा प्रशस्त फलफूलहरू थिए। मानव प्राणीको सुरुको अस्तित्वमा प्रशस्त खानाहरू उपलब्ध गराएको थियो। त्यो उदार सृष्टिकर्ताले उपलब्ध गराउनुभएको थियो। तिनीहरूलाई सृष्टिको हेरचाह गर्ने जिम्मा दिएको थियो। तर सृष्टिको हेरचाहको सट्टा तिनीहरूले

पापको दासत्वमा रहन रोजे। त्यसको फलस्वरूप आदमले यो श्राप भोग्नुपर्‍यो, "जबसम्म तिमीहरू माटोमा फर्किंदैनौ तबसम्म तिमीले पसिना बगाएर तिम्रो खानेकुरा खानुपर्नेछ" *(उत्पत्ति ३:१९)*।

नाओमीले आफ्नो पुर्खाको सम्पत्ति गुमाएकी थिइन्। हामीले पनि परमेश्वरले सुरुमा दिन चाहनुभएको सम्पत्ति गुमाएका छौं। त्यसको फलस्वरूप हाम्रो जीवन कठिन भएको छ। अदनको बगैँचा उपहार स्वरूप दिइएको थियो, तर विनासर्तमा थिएन: मानव प्राणी विद्रोह गर्न स्वतन्त्र थियो। त्यसको अर्थ तिनीहरूले आफ्नो भलाइको जिम्मेवारी तिनीहरू आफैले लिन बाध्य हुनुपरेको थियो। सुरुमा परमेश्वरको आशिष् पाएर पतन नभएको सारा पृथ्वीमाथि मानिसको प्रभुत्व थियो। तर अहिले पतित जीवहरूलाई नियन्त्रण गर्ने काम हामीमा परेको छ। स्वार्थी र खराब मानिसहरूको प्रतिस्पर्धा गर्ने स्वभावले पृथ्वीमा भएका स्रोतहरूको अभाव हुन गएको छ। त्यसले हामी सबैलाई हृदयविदारक बनाएको छ र कष्ट भोग्न हामी बाध्य भएका छौं।

मानिसको स्वार्थले ल्याएको विपतको व्याख्या गर्न शब्दहरू नै छैन। तैपनि यस पृथ्वीमा धेरै मानव हितको निम्ति स्रोतहरू प्रशस्त छन्। यसले परमेश्वरको प्रेमको बारेमा प्रभावकारी गवाही दिन्छ। तर मानव लोभ र पापको ज्यादतीले गर्दा पृथ्वीलाई हामीले नियन्त्रण गर्नुको सट्टा यसले हामीलाई नियन्त्रण गरिरहेको छ। एक दिन ती सबै अन्त्य हुनेछ।

**छ हजार वर्षसम्म भइरहेको पापको ज्यादती र मृत्युको बाबजुदमा पनि पृथ्वीले परमेश्वरको अचम्मको प्रेम र सृष्टि गर्ने शक्तिलाई कसरी प्रकट गरिरहेको छ?**

______________________________________________

# रूथ र बोअज

आफ्नो नाउँ मारा वा खराब वा तितो भनेर बोलाउन नाओमीले अनुरोध गरेकी थिइन् किनभने उनको जीवनमा तितोपनाले आक्रमण गरेको थियो *(रूथ १:२०)*। हाम्रा सृष्टिकर्तासँगको सम्बन्ध मर्मत गर्नै नसक्ने गरेर क्षती भएको थियो। यसले हामीलाई आत्मिक रूपमा कङ्गाल बनाएको थियो। हाम्रो भविष्य अन्धकार छ। हाम्रा जीवनका धारहरूमा जे पाउँछौं त्यसैमा कटानी गरेर हामी जिउन खोज्छौं। यस टुटिएको संसारमा अलिकति पनि पाएको आनन्दले हामी रमाउन प्रयास गर्छौं। तर जब हामीले उल्लेखनीय धारणालाई पत्ता लगाउँछौं तब सबै थोक परिवर्तन हुन जान्छ: त्यो हो हामी अन्धकारमा जाकिन पुगे तापनि परमेश्वरले हामीलाई बिर्सनुभएको छैन।

पढ्नुहोस्: **रूथ २:५-२० पढ्नुहोस्। यस कथामा यो निर्णायात्मक क्षण किन भएको छ? नाओमीले आफ्नो परोपकारी आफन्तलाई पत्ता लगाउनु उनको निम्ति किन असल समाचार थियो?**

नाओमीले उनका श्रीमान्ले बेचेको सम्पत्ति फिर्ता पाउन सक्दैनथी। त्यसको निम्ति उनका श्रीमान्को आफन्तले सहयोग गर्न सक्थ्यो। रूथले उनका श्रीमान्को नजिक नातेदारलाई विवाह गरेर उनका देहान्त भएको श्रीमान् एलीमेलेकको नाउँमा बालक जन्माऊन् भन्ने नाओमीको चाहना थियो। प्रतिज्ञा गरिएको देशको भूमि फिर्ता पाउन परमेश्वरले इस्राएलमा प्रावधान बनाउनुभएको थियो। एलीमेलेकको नजिकको नातेदारले त्यो सम्पत्ति फिर्ता गराउन सक्थ्यो। बोअज दयालु किसान मात्र नभएर उनी एलीमेलेकको नजिकका नातेदार थिए जसले उनले बेचेका जमिन फिर्ता लिन सक्थे।

बोअज उदारवादी र दयालु व्यक्ति मात्र नभएर नाओमीको *आफन्त* भएको समाचार उनको निम्ति अत्यन्तै उत्तम समाचार थियो। नाओमी र रूथको विपन्नता सदाको निम्ति रहन आवश्यक भएको थिएन।

बोअज ख्रीष्टको प्रतिक भनेर इसाईहरूले धेरै समयदेखि बुझेका छन्। येशू ख्रीष्ट सृष्टिकर्ता मात्र नभएर हाम्रो निम्ति नजिकको आफन्त हुन उहाँले रोज्नुभएको थियो। उहाँ वास्तविक हाम्रै हाड र छालाको मानव रूप लिएर आउनुभएको कुराचाहिँ उहाँलाई "मानिसको पुत्र" भनेर सम्बोधन गर्ने अरू कारणहरूमा एक थियो *(मत्ती १२:८; मर्कूस ८:३१; लूका २२:२२; यूहन्ना ३:१४)*।

कतिपय मानिसहरूले परमेश्वर कठोर हुनुहुन्छ भनेर सोच्छन्। हाम्रा नैतिक आचरण सबै ठिक भएमा उहाँले हिचकिचाउँदै स्वर्गमा हामीलाई हुल्नुहुनेछ होला किनभने हामीले औपचारिक वा प्राविधिक रूपमा उहाँका नीतिहरू पालन गरेका छौं। तर बोअजले दिएको येशूको चित्रणले त्यो धारणालाई रद्द गरेको छ। उहाँले हामीप्रति चासो मात्र देखाउनुहुन्न, हाम्रो आत्मिक कङ्गालपन भए पनि हामीलाई उहाँले आफ्नी बेहुली बनाउन चाहनुहुन्छ।

**सृष्टिकर्ता उहाँको आफ्नै सृष्टिको एक भाग बन्नु मात्र भएन उहाँले हाम्रो निम्ति मर्नु पनि भएको थियो। त्यो सोचलाई तपाईंले आफ्नो दिमागमा घुसाउन प्रयास गर्नुहोस्। हाम्रो अस्तित्वको अर्थ के छ भनेर हाम्रो सोचलाई यस चकित पार्ने सत्यले कस्तो प्रभाव पार्न सक्छ?**

# बोअज, उद्धारकर्ता

रूथसँग बोअज अत्यन्तै मोहित हुन्छन्। उनीसँग विवाह गर्न बोअज चाहेका थिए। तर त्यहाँ विशेष गरेर एउटा महत्त्वपूर्ण तगारो थियो। त्यहाँ अझ नजिकको आफन्त थियो जसले रूथ र जग्गामाथि दाबी गर्न सक्थ्यो। यदि बोअजलाई येशूको प्रतिक हामी मान्छौं भने महान् विवादमा प्रकट गरेको विषयवस्तु अत्यन्तै जोखिम भएको प्रकट भएको हामी पाउँछौं। येशूले हामीलाई प्रेम गर्नुहुन्छ तर यस संसारमा उहाँभन्दा हाम्रो नजिकको आफन्त छ जसले हामीमाथ दाबी गर्न सक्छ: त्यो हो शैतान।

पढ्नुहोस्: **यस संसारमा जन्मिने प्रत्येक मानिस उसको हो भनेर शैतानले गर्ने दाबी कसरी भएको छ भनेर देहायका पदहरूले के प्रकट गर्दछ?** *(अय्यूब १:६-११; मत्ती ४:८-९; यहूदा ९; लूका २२:३१-३२)*।

---

---

जब शैतान स्वर्गको परिषद्मा देखा पर्‍यो तब आफू पृथ्वीको तल र माथी गरिरहेको भनेर उसले बताएको थियो *(अय्यूब १:७)*। अनि धर्मी अय्यूबलाई उसले देखेको थियो कि भनेर परमेश्वरले उसलाई सोध्दा शैतानले अय्यूब आफ्नै हो भनेर दाबी गरेको थियो। अय्यूबको हृदय परमेश्वरसँग *साँच्चै* थिएन भनेर शैतानले बताउन खोजेको थियो। *उसको दाबीअनुसार परमेश्वर उनलाई भलाइ गर्नुभएकोले वा उनलाई फलिफाप गर्नुभएकोले मात्र अय्यूब उहाँका भक्त भएका थिए* (अर्थात् परमेश्वरले उनलाई भौतिक रूपमा सम्पन्न पार्नुभएकोले मात्र उनले उहाँलाई पछ्याएका थिए)। *उहाँप्रति भलो गर्ने काम रोक्नुहोस् र उनको बफादारी वा निष्ठा कहाँ छ भनेर परमेश्वरले देख्नुहुनेछ भनेर शैतानले उहाँलाई चुनौति दिएको थियो*।

यहूदामा इस्राएलीहरूलाई नै थाहा भएको छोटो कथा छ: मोशाको मृत्युपछि परमेश्वरले नै उहाँलाई गाड्नुभएको थियो *(व्यवस्था ३४:६)* र पछि उनको

पुनरुत्थान भएको थियो। हामीलाई सबै थोक विस्तृत रूपमा थाहा नभए तापनि परमेश्वर र शैतानको बिचमा मोशाको लासमा विवाद चलेको थियो। यसमा पनि मोशालाई आफ्नै हो भनेर शैतानले दाबी गरेको आभास पाइन्छ।

"मृतकलाई ख्रीष्टले पहिलो पल्ट जीवन दिन लाग्नुभएको थियो। जब जीवनका राजकुमार र चम्किला जनहरू चिहानको नजिक आउनुभयो तब शैतान आफ्नो सर्वोच्चताको निम्ति सतर्क भएको थियो। पतित र दुष्ट स्वर्गदूतहरूसँग मिलेर शैतानले आफ्नो भूमि भनेर दाबी गरेको ठाउँमा येशूले हस्तक्षेप गर्नुभएकोमा तिनीहरूका बिचमा विवाद चलेको थियो। परमेश्वरको सेवक आफ्नो कैदी भएको उसले फाइँफुट्टी लगाएको थियो। मोशाले पनि परमेश्वरको दश आज्ञालाई पालन गर्न नसकेको भनेर उसले घोषणा गरेको थियो। यहोवाले पाउने गौरव मोशाले पाएको थियो भनेर उसले दाबी गरेको थियो। त्यसैको निम्ति शैतान स्वर्गबाट निकालिएको थियो। अब मोशाले पनि उहाँको आज्ञा उल्लङ्घन गरेकोले उनी आफ्नो प्रभुत्वमा आएको शैतानले दाबी गरेको थियो।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. ४७९। ख्रीष्टले शैतानको दाबीको प्रतिकार गर्नुभएको थियो र मोशाको पुनरुत्थान भएको थियो *(मत्ती १७:३)*।

बोअज बेथलेहेमको ढोकामा यात्रा गर्छन्, जुन सहरमा हाम्रा नजिकको आफन्त हुन ख्रीष्ट आउनुभएको थियो। अगुवाहरू जम्मा हुन्छन् र आखिरमा चप्पलहरू साटासाट हुन्छ। यसले रूथ कसको हुनेछ भनेर देखाउने प्रतिक थियो।

गाउँको ढोकामा गाउँका मामिलाहरूको निर्णय हुन्थ्यो। यो न्यायको दृश्यको प्रतिक हो। यसले दानिएलमा वर्णन गरेको न्यायको दृश्यको चित्रण गर्दछ (दानिएल ७:१३, १४, २२, २६, २७): त्यो न्याय सन्तहरूको पक्षमा भएको थियो। हाम्रो निम्ति केवल येशूले मात्र मोल तिर्नुभएकोले हाम्रो पक्षमा न्याय भएको थियो जसरी बोअजले पनि उनको दुलहीको निम्ति मोल तिरेको थियो।

# हामान र शैतान

एस्तरको कथामा हामी हामानलाई भेट्छौं। हामान पद र शक्तिको भोको थियो। उसलाई साम्राज्यको उच्च पद दिएको थियो। यथार्थमा भन्ने हो भने सबै प्रान्तको मुख्य मन्त्री वा प्रधान मन्त्री उसलाई बनाइएको थियो *(एस्तर ३:१)*।

यदि हामीले इजकिएल २८:११-१५ र यशैया १४:१२-१५ पढ्यौं भने हामानको चरित्र लुसिफरको चरित्रसँग तुलना गरेर तिनीहरूमा भएका समान स्वभावहरू पहिल्याउन सक्छौं। परमेश्वरका जनहरूप्रति ती दुवै पात्रहरू विरोधी र आक्रामक थिए। तिनीहरूले सर्वोच्च परमेश्वरको अगाडि झुक्न चाहेका थिएनन्। शैतानका प्रभुत्व जमाउने नियत येशूलाई परीक्षामा पार्ने बेलामा देखिन्छ। उसले येशूलाई देशको सर्वोच्च शिखरमा लगेर यस संसारका राज्य र यशहरूलाई देखाएको थियो *(मत्ती ४:८-११)*। येशू ख्रीष्ट संसारका मानिसहरूका उपलब्धि र भौतिक संरचनाहरूलाई होइन मानिसहरूलाई उद्धार गर्न आउनुभएको थियो र तिनीहरू आफ्नै हो भनेर दाबी गर्नुभएको थियो। क्रूसमा मर्नुभएर त्यो दाबी उहाँले सकार्नुभएको थियो। येशू ख्रीष्ट हामीलाई उद्धार गर्ने आफन्त हुनुहुन्छ। संसारलाई उद्धार गर्न उहाँले उच्चभन्दा पनि उच्च मोल तिर्नुभएको थियो।

युगको अन्तको सङ्कटमा शैतान शक्तिबाट मात्तिने र संसारका मानव जगत्ले उसलाई ढोगाउन उसले प्रयास गर्नेछ भनेर प्रकाशको पुस्तकले देखाउँछ। उसका छलले संसारलाई मोहित पार्नेछ र पशुको पछि लगाउन उसले सबैलाई चकित पार्नेछ *(प्रकाश १३:३, ४)*। तर कतिपयले उसलाई ढोग्न चाहँदैनन्। तिनीहरूमाथि उसले बलजफती दमन नीति अपनाएर उसलाई ढोगाउन खोज्नेछ।

परमेश्वरका चुनिएका जनहरूमा एक जना मोर्दकैले उसलाई ढोग्न अस्वीकार गरेको हामानले महसुस गर्छ। त्यसले गर्दा ऊ रिसले जुर्मुरिएको थियो *(एस्तर ३:५, ६)*। मोर्दकैको कारणले उसका सम्पूर्ण जातिलाई यस पृथ्वीबाट सखाप पार्ने क्रूर निर्णय हामानले गरेको थियो।

पढ्नुहोस्: **एस्तर ३:१-१४; प्रकाश १२:१४-१७ र प्रकाश १३:१५ पढ्नुहोस्। ती परिच्छेदहरूमा के समान धारणाहरू प्रकट गरिएका छन्? परमेश्वरका बाँकी सन्तानको बारेमा यूहन्नाले गरेको चित्रणचाहिँ परमेश्वरका जनहरूको विषयमा हामानको धारणासँग कसरी मिल्दछ?**

---

---

यस संसारलाई शैतानले आफ्नै हो भनेर दाबी गरेको थियो। तर परमेश्वरका आज्ञा पालन गर्ने समूहले उहाँमाथि नै बफादार भएर उभिन्छन्; तिनीहरूको उपस्थितिले शैतानको प्रभुत्वको दाबीलाई अस्वीकार गर्दछ। "जब इसाई भनेर दाबी गर्ने सारा संसारका राज्यहरूमा शबाथ नै विशेष विवादको केन्द्रबिन्दु हुनेछ र थोरै अल्पमतले लोकप्रिय आइतबारलाई मान्न अस्वीकार गर्छन्, तब सारा संसारका सामु त्यो अल्पमत आँखाको छारो हुनेछ।"—एलेन जी. ह्वाइट, *साइनस् अभ द टाइम्स*, फेब्रुअरी २२, १९१०।

**तपाईंको आस्थालाई जाँच्ने साना कुराहरूको विषयमा सोच्नुहोस्। यदि तपाईंले साना कुराहरू भनेर तिनीहरूसँग सम्झौता गर्नुभयो भने ठूलो कुराहरूको सामना गर्नुपर्‍यो भने तपाईंले के गर्नुहुनेछ?**

---

# यस्तै समयको निम्ति हो

दुर्भाग्यवस, कतिपय इसाईहरूमा बाइबलको भविष्यवाणीमा भएका कडा सन्देशहरूमा सोचिरहने प्रवृत्ति भएको पाइन्छ। हाम्रो अघि परीक्षाको समय आउनेछ, तर भविष्यवाणीको अध्ययनलाई त्रासको आधारमा केन्द्रित गर्ने तर त्यस कथामा भएको समाधानलाई नहेर्ने हाम्रो निम्ति सजिलो हुन्छ। भविष्यका मिठा-मिठा कुराहरू गरेर हामी मक्ख पर्ने परमेश्वरको चाहना होइन। महान् विवादको सङ्घर्षको अन्त्यमा र अहिले भइरहेका घटनाहरूलाई परमेश्वरले सफा चित्रण गर्नुभएको छ। त्यसलाई अध्ययन गर्दा हामी परमेश्वरको बारेमा उत्साहित हुन सक्छौं। दुःखद परिस्थितलाई मध्यनजर गरेको भविष्यवाणीमाथि मात्र होइन, हामीलाई उद्धार गर्ने प्रतिज्ञामाथि पनि हामी भर पर्न सक्छौं।

भविष्यवाणीमा एउटा सामान्य ढाँचा छ जसमा परमेश्वरले हाम्रो मानव विद्रोहले सिर्जना गरेको गडबडीको बारेमा सत्य प्रकट गर्नुहुन्छ, र उहाँले हामीलाई परिणामहरू देखाउनुहुन्छ। तर त्यसपछि उहाँले सधैँ आशा राख्नुहुन्छ। कतिपयले "याकूबको निम्ति दुःखको दिन" अर्थात् अन्तिम सङ्कटको भविष्यवाणीलाई डर र कम्पनका साथ हेरेका छन्। निस्सन्देह, अन्तिम क्षणहरू परमेश्वरका जनहरूका लागि सजिलो हुनेछैनन्। तर जसरी कठिन समयको भविष्यवाणी भरपर्दो छ, त्यसरी नै छुटकाराको प्रतिज्ञा पनि भरपर्दो छ।

ख्रीष्टका दुलही वा चर्चमाथि घृणित भएर भयानक तरिकाले बदला लिन शैतानले प्रयास गर्छ भनेर प्रकाश १२मा खुलासा गरिएको छ। तर परमेश्वरले हस्तक्षेप गर्नुहुन्छ र उनलाई उद्धार गर्नुहुन्छ। रानी एस्तरको कथा अति सुन्दर र रोमाञ्चक छ। एस्तरको कथाको नाटकमा एक सुन्दर रानीले मुख्य भूमिका खेल्दछिन्। आफ्ना जनहरूलाई उद्धार गर्न परमेश्वरले उनलाई प्रभावकारी रूपमा प्रयोग गर्नुहुन्छ।

पढ्नुहोस्: **एस्तर ४:१३-१४; एस्तर ५:१-३ र एस्तर ९:२०-२८ पदहरू पढ्नुहोस्। पृथ्वीको इतिहासको अन्त्यमा हुने हाम्रो दुर्दशाको बारेमा ती पदहरूबाट हामीले के पाठ सिक्न सक्छौं?**

---

---

इतिहासको विशेष घडीका निम्ति परमेश्वरले चर्चहरूबाट थोरै बचेखुचेका समूह खडा गर्नुभएको थियो। जब युरोपको इतिहासका १२६० दिनहरू वा अन्धकार युग अन्त्य हुन लागेको थियो तब लुकेका दुलहीलाई परमेश्वरले निकाल्नुभयो *(प्रकाश १२:१४सँग तुलना गर्नुहोस्)*। उनबाट यस संसारलाई उहाँका दया र निगाहाका सन्देश दिनुभएको थियो: ती सन्देश हुन्, तिन स्वर्गदूतहरूका सन्देशहरू। हामी यसै समयका निम्ति यस संसारमा छौं *(एस्तर ४:१४)*।

हामानको आक्रमण र सतावटको सामना गर्न एस्तरले एक्लै भएको महसुस गर्नुपरेन: उनले राजाबाट निगाहा पाइन् र उनका जनहरूलाई उद्धार गरिएको थियो। जब विश्वको इतिहासको अन्त्यमा हामी पर्छौं, हामी एक्लै हुनेछैनौं। परमेश्वर महाराजा हाम्रो साथमा हुनुहुन्छ, र परमेश्वरका जनहरूको पनि उद्धार गरिनेछ।

**एस्तरको कथामा यहूदीहरूका निम्ति असलै भएर अन्त्य भएको थियो। यसरी सधैँ हुँदैन, हुन्छ त? येशू ख्रीष्टमा हाम्रो आशालाई कायम राख्न हामीले अन्त के हुनेछ भन्ने सन्दर्भमा किन सबै कुरा हेर्नुपर्छ?**

---

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ. ६०५, ६०६को "द फर्स्ट किङ्ग अभ इस्राएल" भन्ने अध्याय पढ्नुहोस्।

"येशू र उहाँका आज्ञाहरूप्रति आशक्त हुने अल्पसङ्ख्यक विश्वासीहरूलाई तहसनहस गर्न शैतानले विभिन्न मानिसहरूलाई प्रयोग गरेर उसको क्रोध देखाउनेछ। ती विश्वासीहरूले लोकप्रिय र परम्परा संस्कार, धर्म र संस्कृतिलाई स्वीकार गर्नेछैनन्। उच्च पद र प्रतिष्ठित मानिसहरू अनैतिक र दुष्टहरूसँग हातेमालो गरेर परमेश्वरका जनहरूको विरुद्धमा लाग्नेछन्। तिनीहरूले आफ्ना सम्पत्ति, खुबी, प्रतिभा, विशेषता, दक्षता, शिक्षाहरूलाई एक जुट पारेर ती जनहरूका विरुद्धमा संग्राम गर्नेछन्। कठोर र सताउने शासकहरू, विभिन्न इसाई सम्प्रदायका पास्टर र अग्रजहरू र चर्चका सदस्यहरूले नै उनीहरूका विरुद्ध षड्यन्त्र गर्नेछन्। अनेकौँ आवाज उठाएर र लेखेर, घमण्ड गरेर, धम्की दिएर र हँस्सी मजाक उठाएर उनीहरूका आस्थाबाट तिनीहरूले उनीहरूलाई लडाउन खोज्नेछन्। झुठा आरोपहरू लगाएर र रिसले माल्न लगाएर मानिसहरूका क्रोध र आवेगहरू तिनीहरूले उठाउनेछन्। ती इसाई भनाउँदाहरूमा नै 'परमेश्वरको वचनले' यो भन्छ भन्ने तथ्यलाई विश्वास नगरेको कारण बाइबलले सिकाएको शबाथ मान्न आह्वान गर्नेहरूको विरुद्धमा तिनीहरू उठ्नेछन्। तिनीहरूले आवश्यक भएका सबै दमन नीतिहरू आपूर्ति गरेर विश्वासीहरूलाई सताउनेछन्। लोकप्रियता कमाउन र प्रसिद्ध हुन विधायकहरूले आइतबारे कानुनको माग मानेर त्यसलाई पारित गर्नेछन्। तर जो परमेश्वरको भय मान्छन् वा उहाँप्रति अगाढ श्रद्धा राख्छन्, तिनीहरूले दश आज्ञाका नीतिहरू विरुद्ध जाने कुनै पनि नियमलाई स्वीकार्नेछैनन्। यही दश आज्ञालाई केन्द्रबिन्दु बनाएर सत्य र झुटको बिचमा विवाद गर्दै महा संग्राम छेड्नेछन्। यस विषयमा हामीलाई कुनै पनि सन्देह गर्ने ठाउँ दिएको छैन। एस्तर र मोर्दकैको युगमा जस्तै आज पनि प्रभुले उहाँको सत्य र उहाँका जनहरूको पक्षमा उभेर युद्ध गर्नुहुनेछ।"—एलेन जी. ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस*, पृ. ६०५, ६०६।

## छलफलको लागि प्रश्नहरू:

१. दुःख, कष्ट र सङ्घर्षमा जाकिन परमेश्वरले किन अनुमति दिनुहुन्छ? त्यसको अर्थ के हो?

२. येशूप्रति बफादारी हुँदा आउने कुनै पनि कठिन परिस्थितिलाई सामना गर्न र उहाँप्रति बफादार हुन सेभेन्थ-डे एड्भेन्टिस्ट विश्वासी कसरी तयार हुनुपर्छ? कठिन परिस्थितिमा तपाईंले कहाँ आशा पाउनुहुन्छ?

३. भविष्यवाणीका अझ गाह्रो विषयहरूमा सोच्ने प्रवृत्ति तपाईंमा किन हुन्छ र सुसमाचारले उपलब्ध गराएको बृहत चित्रणलाई किन ओझेलोमा पार्दछ?

४. तपाईंको साथी आएर प्रकाशको पुस्तक त्रासपूर्ण छ भनेर तपाईंलाई भन्यो भने तपाईं के भन्नुहुन्छ? उसको दिमागलाई शान्त गराउन र उसलाई बुझाउन तपाईंले कुन उपाय गरेर सहयोग गर्न सक्नहुन्छ?

५. कसैले भन्छ, "परमेश्वरले मलाई माया गर्नुहुन्छ वा चाहनुहुन्छ भन्ने कुरामा म विश्वस्त छैन। मैले के गरें त्यसलाई तपाईंले थाहा पाउनुभयो भने तपाईंले बुझ्न सक्नुहुनेछ।" तपाईंले त्यसलाई के जवाफ दिनुहुन्छ? रूथ र एस्तरको कहानीहरूले उसलाई बुझाउन तपाईंलाई कसरी सहयोग हुन्छ?

## भाग ७: "हामीलाई तपाईँहरूको खाँचो छ ह!"

*लेखिका:* डायना फिश

डायना र लोरेनले तिनीहरूका सपनाहरू साकार पार्ने काम पाएका थिए। उनी फ्लोरिडाको ओर्लान्डोमा सेभेन्थ-डे एड्भेन्टिस्ट अस्पतालको विकास विभागमा काम गरिरहेकी थिइन्। लोरेन सफल परामर्स सेवा काममा संलग्न भएका थिए। तर तिनीहरूमा केही न केहीको अभाव भएको महसुस गरेका थिए। तिनीहरूले प्रार्थना गरे।

एक दिन डायनाले उत्तर अमेरिका डिभिजनको महिला सेवाहरूको कन्फरेन्समा सहभागी भइन्। त्यहाँ चर्चका विभिन्न विभागका प्रदर्शनी स्थलहरूमा उनी घुमिन्। उनी होलब्रुक सेभेन्थ-डे एड्भेन्टिस्ट इन्डियन स्कुलको प्रदर्शनी स्थलमा पुगिन्। त्यहाँ त्यस स्कुलका विद्यार्थीहरूले बनाएका माटोका भाँडाहरू देखिन्। तिनीहरूलाई बढो चासो देखाएर हेरिन्। जब प्रदर्शनी स्थलकी महिलाले डायना विकास विभागमा काम गरिरहेकी थिइन् भनेर थाहा पाइन्, स्कुलले पनि विकास निर्देशकलाई खोजिरहेको थियो भनेर उनले सुनाइन्। आरिजोनाको स्कुलमा काम गर्न परमेश्वरको आह्वान होइन भनेर उनले त्यस चाहनालाई वास्ता गरिनन्।

छ महिनापछि लोरेन २०१५मा हुने जनरल कन्फरेन्सको साधारण सभामा भाग लिन आखिरी क्षणमा निर्णय गरे; त्यो सभा अमेरिकाकै टेक्सास राज्यको सान आन्टोनियोमा हुनेथियो। त्यस सभाको प्रदर्शन कक्षको होलब्रुक प्रदर्शनी स्थलमा लोरेन घुम्दै आइपुगे। त्यस प्रदर्शनी स्थलकी महिलाले लोरेन क्लिनिकल सामाजिक कार्यकर्ता भएको थाहा पाएर भनिन्, "हामीलाई तपाईंजस्तो मानिस चाहिएको छ!" उनको श्रीमतीको काम सोध्दा उनी विकास क्षेत्रमा काम गरेको सुन्दा उनले भनिन्, "हामीलाई उनीजस्तै व्यक्ति पनि खाँचो छ!" त्यस महिलाले त्यस होलब्रुक स्कुलको श्रीमान्सँग सहमत लिइन्।

केही हप्तापछि बिदाको छुट्टीमा कलराडो गएको बेलामा होलब्रुक स्कुलमा पनि गए। तिनीहरूले त्यस स्कुलको लक्ष्यको बारेमा त्यहाँका कर्मचारीहरूसँग नौ घन्टा कुराकानी गरे। त्यस स्कुलले आदिवासी अमेरिकी इन्डियनका बालबालिकाहरूका निम्ति आश्रय स्थान उपलब्ध गराएको थियो। ती बालबालिकाहरूलाई हुर्काएर जिम्मेवारी युवा र युवतीहरू बनाउने त्यस स्कुलको लक्ष्य थियो। स्कुलले इसाई परामर्सदाताको निम्ति प्रार्थना गरिरहेको थियो। त्यस स्कुलमा आउने बालबालिकाहरू क्षत विक्षत भएका घर परिवारहरूबाट आउँथे र तिनीहरूमा भएको तनावले गर्दा तिनीहरूको मानसिक स्वास्थ्य असन्तुलन हुन्थे। तिनीहरूलाई चौबिसै घण्टा तिनीहरूको मानसिक अवस्था हेर्ने विज्ञको आवश्यकता थियो। त्यस रात डायना स्कुलको पाहुना घरमा रातभरि निदाउन सकिनन्। उनले दराजमा दुई एकै खालका किताबहरू देखिन्। ती किताबहरू उनलाई थाहा पाएको महसुस गरिन्। उनको झोलामा हात राखेर त्यही शीर्षक भएको किताब पाइन्। जनरल कन्फरेन्समा त्यो किताब लोरेनले पाएका थिए। त्यो किताब डन म्याकलाफर्टीको *फोलो: एनी टाइम, एनी ह्वेर, आट एनी कस्ट* नामक किताब थियो। त्यस बेला तुरुन्तै डायनाले महसुस गरिन् कि परमेश्वरले होलब्रुकमा काम गर्न आह्वान गरिरहनुभएको थियो। उनले प्रार्थना गरिन्, “हे प्रभु, तपाईंले लोरेनलाई पनि त्यही प्रभाव पार्नुहोस्।”

केही दिनपछि फ्लोरिडामा फर्केपछि लोरेनले डायनालाई आफूले प्रार्थना गरिरहेको र हलब्रुकमा काम गर्न परमेश्वरले बोलाइरहनुभएको महसुस गरेको बताए। त्यस रात तिनीहरूले त्यस स्कुलमा दरखास्त दिए। आफ्ना सामानहरू पाक गर्न थाले। दुई हप्तापछि तिनीहरूले चाहेका पदहरू पाएको भनेर स्कुलबाट तिनीहरूले जवाफ पाए। त्यस स्कुलमा तिनीहरूले दश वर्षदेखि काम गरिरहेका छन्। डायनाले भनिन्, “परमेश्वर साह्रै अचम्मको हुनुहुन्छ। उहाँले मलाई मेरो जीवनको प्रत्येक कदम कदममा के गर्ने भनेर देखाइरहनुभएको थियो। उहाँलाई मैले नचिनेकै बेलादेखि मेरो निम्ति उहाँको योजना थियो।”